www.ramaroshanmun.gov.np
Email: icto.ramaroshanmun@gmail.com

रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तडा, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र आव्हानको सूचना**

**(प्रथमपटक सूचना प्रकाशित भएको मितिः२०७६।०८।१०)**

**बोलपत्र नं.०१।२०७६।०७७**

रामारोशन गाउँकार्यपालिकाको आ.ब.२०७६।०७७ मा स्वीकृत बजेटबाट पर्यटन क्षेत्र रामारोशनको जिंगाले तालमा डुङ्गा र्‍याफ्ट सन्चालन गरी यस क्षेत्रमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई जलविहारको आनन्द प्रदान गरी पर्यटन प्रवर्द्धन गर्न राफ्टिङ्ग डुङ्गा २ थान र त्यसलाई आवश्यक सामाग्री खरिदका लागि खर्च गर्न चाहेको हुँदा तपशिल बमोजिमका कार्यविवरण सम्बन्धि मालसामानहरु सप्लाई गर्न इजाजत प्राप्त सप्लायर्सहरुले निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको बोलपत्र आव्हान गरिएको छ ।

१.बोलपत्र प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयबाट रु.३०००।(अक्षरुपीःतीन हजार मात्र) फिर्ता नहुने गरी बुझाई अध्यावधिक नविकरण भएको ईजाजतपत्र, मु.अ.कर दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी,आ.ब.२०७५।०७६ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि र प्रोप्राइटर स्वयम् उपस्थित हुन नसकेमा निजको आधिकारिक मञ्जुरीनामा संलग्न राखी रु.१० को टिकट टाँसी लिखित निवेदन दिई यस कार्यालयबाट बोलपत्र सम्बन्धि कागजात खरिद गर्न सकिने छ ।

२.खरिद भएको बोलपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रष्टसँग भरी सप्लायर्सले प्रत्येक पानामा सहीछाप गरी खाममा सिलबन्दी गरी सो खाम बाहिर फर्मको नाम,ठेगाना र कामको नाम प्रष्टसँग लेखी ३१ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।यसरी दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु र प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्रहरु खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र साथ जमानत बापतको ल.ई. रकम(मु.अ.कर सहित) को २.५ प्रतिशतले हुन आउने रकम रु.७५०००।(अक्षरुपीःपचहत्तर हजार मात्र) बराबरको नेपाल राष्ट्र बैंकको इजाजत प्राप्त बैंकबाट बैंक ग्यारेन्टी यस कार्यालयको नाममा जारी गरीएको बिडबण्ड बोलपत्र खोलेको मितिले ९० दिन अवधि भएको पेश गर्नुपर्नेछ ।फाईनान्स कम्पनिबाट जारी भएको बिडबण्डलाई मान्यता दिइने छैन।

४.बोलपत्र शर्त रहित,केरमेट नभएको,कार्यालयले उपलब्ध गराइएको बोलपत्रमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ ।समयभित्र प्राप्त नभएको,रित नपुगेको,सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कारवाही हुने छैन।

कृषि, पर्यटन प्रवर्द्धन तथा मौलिक संस्कृति हाम्रो पहिचान ।
आर्थिक, सामाजिक तथा समृद्ध विकास रामारोशन गाउँपालिकाको अभियान ॥

प्र. प्रमुख प्रशासकिय अधिकृत

५.बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा भर्नु पर्नेछ ।अक्षर र अंकमा फरक पर्न आएमा अक्षरलाई मान्यता दिइनेछ र दररेटको आधारमा जम्मा रकममा फरक पर्न आएमा अक्षरमा लेखिएको दरलाई आधार मानी जम्मा रकम कायम गरिनेछ ।

६.बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट वा त्यसको भोलिपल्ट लगत्तै कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समयमा बोलपत्र क्रमश: पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ ।यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिने छ ।

७.कुनै पनि कारण नजनाई कुनै वा सबै बोलपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

८.एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

९. बोलपत्र सूचना, बोलपत्र फारममा कुनै फरक वा त्रुटी भएमा खरिदकर्ताले कुनै पनि बेला संशोधन गर्न सक्नेछ ।

१०.बोलपत्र दाताले डुङ्गा रामारोशन तालमा पुगाई संचालन गराई सकेपछि नियमानुसार भुक्तानी गरिने छ ।

<u>तपसिल:</u>

| क्र.स. | बोलपत्र नं | कार्यविवरण | ल.ई.रकम(मु.अ. कर सहित) |
|---|---|---|---|
| १. | ०१।२०७६।०७७ | आधुनिक राफ्टिङ्ग डुङ्गा र आवश्यक सामाग्री खरिद | ३००००००।-(अक्षेरुपी तीस लाख मात्र) |

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**
फोन नं ९७४९६६८२३३
Website:www.ramaroshanmun.gov.np